चन्द्रकोट गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

शान्तिपुर, गुल्मी

सूचना नम्बर: ९४-२०७९/०८०

## किसान सूचीकरण सहजकर्ता नियुक्ती गर्ने सम्बन्धी सूचना ॥

( प्रकाशित मितिः २०७९/१२/१४ गते)

यस कार्यालयको मिति २०७९/१२/१४ गतेको निर्णयानुसार यस गाउँपालिकाभित्रका वडा नं. १,२,३ र ५ का किसानहरुको सूचीकरण गर्नाका लागि किसान सूचीकरण कार्यान्वयन कार्यविधि-२०७७, बमोजिम करार सेवा मार्फत सहजकर्ता परिचालन गर्नुपर्ने भएकोले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र ईच्छुक योग्यता पुगेका नेपाली नागरिकले रितपूर्वक तपशिल अनुसार हुनेगरी यस गाउँपालिकाको कार्यालयमा दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| क.सं | विज्ञापन नं. | पद | पद संख्या | दरखास्त दस्तुर |
|---|---|---|---|---|
| १. | २०-२०७९/०८० | किसान सूचीकरण सहजकर्ता | ८ (आठ) | रु. ३००/- |

१. **आवश्यक शैक्षिक योग्यताः** मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको।

२. **उमेरः** दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पुरा भई ३५ बर्ष (महिलाको हकमा ४० बर्ष) ननाघेको।

३. **परीक्षाको किसिमः** छोटो सूची प्रकाशन र अन्तर्वार्ता।

४. **दरखास्त पाउने स्थान :** चन्द्रकोट गाउँ कार्यपालिकाको कार्यालय शान्तिपुर, गुल्मी वा वेवसाइट www.chandrakotmun.gov.np

५. **दरखास्त बुझाउने स्थान :** चन्द्रकोट गाउँ कार्यपालिकाको कार्यालय, शान्तिपुर, गुल्मी।

६. **दरखास्त दिने अन्तिम मिति :** २०७९/१२/२१ गते कार्यालय समय भित्र। (दरखास्त दिने दिनको अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसको अर्को दिन दिनको १२ बजे सम्म मात्र)

७. **दरखास्त फारम साथ संलग्न हुनुपर्ने कागजातहरुः**

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
- न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी।
- दरखास्त दस्तुर बुझाएको रसिद वा बैङ्क भौचर।

*उल्लेखित कागजात संलग्न गरी कार्यालयबाट तोकिएको आवेदन फारम भरी दरखास्त पेश गर्नुपर्नेछ।*

८. **दरखास्त वुझाउने तरिकाः**

- उल्लेखित कागजात संलग्न गरि तोकिएको समयभित्र गाउँपालिकाको कार्यालय शान्तिपुर गुल्मी।
- म्याद नाघि आएको दरखास्त उपर कुनै कारवाहि हुनेछैन। आवेदनको ढाँचा लगायत अन्य जानकारीको लागि www.chandrakotmun.gov.np वा टोल फ्रि नम्बर १६६०७९५२३३३ वा ९८५७०८५२७२ मा सम्पर्क गर्न सकिनेछ।
- पदपूर्ति सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

९. **सेवा सुविधाः** तथ्याङ्क संकलन गरी स्वीकृत भएको कृषक घरधुरी संख्या अनुसार प्रति घरधुरी रु ७५ (पचहत्तर) का दरले उपलव्ध गराईने।

१०. **समयावधिः** करार सेवा संझौता भएको मितिले २ (दुई) महिना मात्र।

(विष्णु प्रसाद भुसाल)
प्रमुख प्रशासकीय अधिकृत

**विष्णु प्रसाद भुसाल**
**प्रमुख प्रशासकीय अधिकृत**